नेपालकोसंविधान २०७२ को धारा २१७ ले व्यवस्था गरे अनुसार कानुनबमोजिमआफ्नो अधिकार क्षेत्र भित्रकाविवाद निरुपण गर्ने उद्धेश्यबाट गोदावरी नगरपालिका अत्तरियाको नगरसभाले न्यायिक समितिको गठन कार्यविधि २०७४ तर्जुमा गरी पारितगरिएको छ ।

## परिच्छेद १
## नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम :- (क) यस कार्यविधिको नाम गोदावरी नगरपालिकाको न्यायिक समितिको गठन सम्बन्धी कार्यविधि २०७४ रहेको छ ।
२) यो कार्यविधिगोदावरी नगरपालिकाको नगर सभाबाट पारित भएपछि प्रारम्भ हुनेछ ।

३) परिभाषा :- विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

(क)“संविधान”भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्दछ ।

(ख) “नगरपालिका”भन्नाले संविधानको धारा ५६ को उपधारा ४ बमोजिमको नगरपालिका सम्झनु पर्दछ ।

(ग) कार्यविधिभन्नाले गोदावरी नगरपालिकाअत्तरियाको न्यायिक समिति सम्बन्धीकार्यविधि २०७४ सम्झनु पर्दछ ।

(घ) “संयोजक”भन्नाले यस कार्यविधिको नियमबमोजिम संयोजकलाई सम्झनुपर्दछ ।

(ङ) न्यायिक समितिभन्नाले गोदावरी नगरपालिकाअत्तरिया अन्तरगत गठन भएको न्यायिक समिति सम्झनु पर्दछ ।

## परिच्छेद २
## न्यायिक समितिको गठन

३) (१) नेपालको संविधान २०७२ ले व्यवस्था गरे अनुसार कानुनबमोजिमआफ्ना क्षेत्र भित्रविवाद निरुपण गर्न न्यायिक समिति गठन गरिएको छ ।
२) न्यायिक समितिमानिम्नपदाधिकारी रहने छन् ।

(क) नगरपालिकाको उप-प्रमुख- संयोजक

(ख) नगरसभामध्येबाट-२ जनासदस्य

३) उपनियम (२) बमोजिम गठित समितिले कानुनी सल्लाहकार अधिवक्ताआवश्यक ठानेमा सम्बन्धितविषयको विशेषज्ञलाई समेत आमन्त्रण गर्न सक्ने छ ।

४) समितिको काम, कर्तव्य र अधिकार :-

(१) प्रचलितकानुनले तोकिएको काम, कर्तव्य रअधिकारको अतिरिक्त समितिको काम, कर्तव्य अधिकार देहायबमोजिमहुनेछ ।

(क) नगरपालिका क्षेत्र भित्रबाट पर्न आएकाउजुरी एंवविवादलाई दर्ता गर्ने व्यवस्थामिलाउने ।

(ख) आफ्नो अधिकार क्षेत्र भित्र रहेको विवादितविषय समितिको बैठकमा छलफल गराई आवश्यक देखिएमा मेलमिलापकालागिमध्यस्थता समिति समक्ष पठाउन सक्नेछ ।

(ग) समितिबाटभएको निर्णयहरुको अभिलेखिकरण गराई सुरक्षित राख्नलगाउने ।

(घ) समितिले आवश्यक ठानेमाविवादकापक्षहरुलाई उपस्थित गराई प्रचलितकानुनबमोजिमकार्यविधिअपनाई विवादको निरुपण गर्ने ।

(ङ) मध्यस्थता समितिको गठन अनुसूची १ बमोजिमहुनेछ ।

५) समितिले बैठक बस्ने स्थान :- (१) समितिले बैठक बस्ने स्थानगोदावरी नगरपालिकाको कार्यालय रहने छ । वा समितिले तोकिएको ठाँउमा बस्न सक्नेछ ।

६) बैठकको सूचना :-

(१) न्यायिक समितिले बैठकको सूचनादिने एवं अन्यप्रशासनिककार्यकालागिएकजनाकर्मचारी तोक्न सक्नेछ ।

(२) न्यायिक समितिवा संयोजकको निर्देशनअनुसार उपदफा(१) बमोजिमतोकिएको व्यक्तिले बैठकको सूचना समितिका सदस्य, आमन्त्रितपदाधिकारी एवं बैठकमा बोलाउनपर्ने अन्यव्यक्तिलाई दिनु पर्नेछ ।

७)बैठकको गणपुरक संख्या :-

(१)न्यायिक समितिको सदस्यहरु मध्ये कम्तीमा७५ प्रतिशत सदस्यहरु स्वंयमउपस्थितनभई बैठक बस्न सक्ने छैन ।

(२) अघिल्लो पटक बोलाइएको बैठकमा गणपुरक संख्यापर्याप्तनभएकोले बैठक स्थगितभएमाउक्त बैठकको लागि पेश भएको एजेन्डामा छलफल गरी निर्णय गर्नकालागि पछिल्लो पटक ५१ (एकाउन्न) प्रतिशत सदस्यउपस्थितभएमा बैठक बस्न सक्नेछ ।

७) बैठकमा छलफलका विषय प्रस्तुतगर्ने विधि :-

(क) गोदावरी नगरकार्यपालिकाको कार्यालय भित्र पर्न गएकाउजुरी एवं विवादलगायतको विषयगोदावरी नगरपालिकाको कार्यालयमादर्ता भई समिति समक्ष पेश हुने छ ।

(ख) समिति समक्ष पेश भएको उजुरी, विवादको विषयमा सबै सदस्यहरुले आ-आफ्नो विचार एवं मत राख्नपाउने छन् ।

(ग) बैठकमा एउटाले मतवाविचार प्रस्तुत गरेपछि अर्को सदस्यले मत राख्नपाउने छ ।

(घ) बैठकमाआमन्त्रित सदस्यएवं विशेषज्ञले आफ्नो राय प्रस्तुतगर्न सक्नेछ ।

(ङ) बैठकमा पेश गरिएको उजुरी एवं विवादकाविषयमाप्रयाप्तविचार विमर्श र छलफल भई उचित निर्णय हुन सक्ने वातावरण बैठकको संयोजकले मिलाउनु पर्ने छ ।

८) निर्णय प्रक्रिया :-

(१) बैठकमा प्रस्तुतविषयमाछलफल सम्पन्न भएपछि सो विषयमा के निर्णय गर्ने निर्णयार्थ संयोजकले प्रस्तुतगर्नेछ ।

(२) समितिको सदस्यहरुको बहुमतद्धारा पारित निर्णय नै बैठकको निर्णय मानिनेछ ।

(३) बहुमतद्धारा पारित निर्णयमा कसैको फरक मतभएमात्यस्तो सदस्यले फरक मत राख्न सक्नेछ ।

९) निर्णयको अभिलेख :-

(१) बैठकबाट पारित निर्णयको अभिलेख गर्न एक छुट्टै निर्णय पुस्तिकाको व्यवस्थागरिनेछ ।

(२) बैठकबाट पारित भएका सबै निर्णयहरु निर्णय पुस्तिकामा लेखि अभिलेख बद्ध गरिनेछ ।

(३) निर्णय भै अभिलेख गरिएको निर्णय पुस्तिकाको बन्दमा निर्णय गर्ने सदस्यहरुको सहीगर्नुपर्नेछ ।

(४) निर्णय पुस्तिकाकार्यालयमा रहनेछ ।

१०) निर्णय प्रमाणित :- समितिबाट भएको निर्णयको प्रमाणित संयोजकबाट हुनेछ ।

११) गोप्य राख्नुपर्ने :- (१) न्यायिक समितिमाभएको छलफलमा संयोजक, सदस्यवाआमन्त्रितव्यक्तिले समितिको हित र उचित निर्णयमापुग्नदिएको राय र विचार लाई कसैले प्रकाशमाल्याउनहुदैन ।

१२) बैठक भत्ता : (क) न्यायिक समितिमाभागलिएवापत संयोजक, सदस्य र आमन्त्रित सदस्यले पाउने बैठक भत्तानगर कार्यपालिकाले तोके बमोजिमहुनेछ ।

(ख) प्रचलितकानुनबमोजिम कर कट्टा गरी बैठक भत्ताभुक्तानीगरिनेछ ।

१३) आमन्त्रित : न्यायिक समितिको संयोजकले बैठकको लागिआवश्यक ठानेको व्यक्तिकर्मचारी वाकुनै पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ३

१४) (१) कुनै कारणबाट न्यायिक समितिका संयोजकवा सदस्यहरुको स्थान रिक्त रहेमाअर्को ब्यवस्थानभए सम्मको लागिनगरसभाले तोकिएको ब्यक्तिन्यायिक समितिको संयोजकएंव सदस्य रहने छन् ।

(२) न्यायिक समितिको रिक्तपदाधिकारीको पदपुर्ति भएपछि उपनियम (१) बमोजिमतोकिएको ब्यक्तिन्यायिक समितिको संयोजकएंव सदस्यबाट स्वतः हट्ने छन् ।

## परिच्छेद ४

१५) संसोधनगर्ने अधिकार :- (१) समय सापेक्षितनगरसभाले यो कार्यविधि संसोधनगर्नुपर्ने आवश्यक ठानेमानगरसभालाई संसोधनगर्ने अधिकार हुने छ ।

(२) कार्यविधि संसोधनगर्न आवश्यकभएमान्यायिक समितिले निर्णय गरी संसोधनगर्ने कारण सहितउपनियम (१) बमोजिमनगरसभा समक्षविशेष प्रस्ताव पेश गर्नुपर्ने छ ।

(३) उपनियम (१) बमोजिमको निकायको दुई तिहाई बहुमतद्धारा कार्यविधि संसोधनको विशेष प्रस्तावपारित गरी कार्यविधि संसोधनगर्न सकिने छ ।

१६) न्यायिक समितिआफुले गरेको कामकारवाहीको वार्षिक प्रतिवेदननगर सभा समक्ष पेश गर्नुपर्नेछ ।

१७) थपघट वा हेरफेर :- यस कार्यविधिकार्यान्वयनकाक्रममाबाधाअवरोध वा अस्पष्टता आएमात्यस्तो बाधा अड्चनफुकाउने प्रयोजनको लागिनगरसभाले यस कार्यविधिमाआवश्यकताअनुसार ब्याख्यागर्न सक्नेछ ।

१८) यस कार्यविधिकाकुनै प्रावधानहरु संविधानप्रचलितकानुनएंव ऐन, नियमावलीसंग बाझिएमाबाझिएको हद सम्मअमान्यहुनेछ ।

१९) आफ्नो अधिकार क्षेत्र भित्रको विवादहो वाहोइनभन्ने विवादउत्पन्नभएमानगरसभाले सोको एकिनगर्नेछ ।

२०) वडा मेलमिलाप समितिको बैठक बस्दाको खाजा र अन्य सुविधाकार्यपालिकाले तोके बमोजिमहुनेछ ।

## अनुसूची-१

## नियम ४ (१) (ङ) संग सम्बन्धित

(क) प्रचलितकानुनबमोजिम पेश भएको विवाद सुरु कारवाहीप्रचलितकानुनबमोजिम पेश भएको विवाद सुरु कारवाही र किनारा गर्ने प्रयोजनकालागिनगरपालिकाले स्थानीयब्यक्तिएंव सामाजिककार्यकर्ता मध्येबाट उपयुक्त देखिएकाब्यक्तिहरुको सहमतिलिई कम्तीमा ३ जनाको नामथर, वतन समेत खुलाई मध्यस्थता सूचीतयार गरी सार्वजनिकगर्नेछ ।
(ख) विवादकापक्ष र विपक्षीले चाहेमाआफ्नो तर्फबाट दुई दुई जनाब्यक्तिनियुक्तगर्न सक्नेछ ।